श्री

राजस्व न्यायाधिकरण काठमाडौं, मुकाम पुल्चोक, ललितपुर

**इजलास**

माननीय अध्यक्ष श्री विनोद शर्मा

राजस्व सदस्य श्री राजेन्द्र पौडेल

लेखा सदस्य श्री पुष्पप्रसाद गुरागाईं

**फैसला**

०७७/०७८ सालको निर्णय नं. ६४

पुनरावेदन नं. ०७५-RB-००३०

पर्सा जिल्ला आदर्शनगर वीरगन्ज अवस्थित मेठी एसोसियट्स प्रा.लि.को अधिकार प्राप्त अध्यक्ष संचालक श्री प्रकाश कुमार खण्डेवाल.......................................१ } पुनरावेदक

**विरुद्ध**

श्री वीरगन्ज भन्सार कार्यालय, विरगन्ज...............................................१ } **प्रत्यर्थी**

**मुद्दा : थप भन्सार महशुल समेत (M९८८६)।**

शुरु निर्णय गर्ने कार्यालय : वीरगन्ज भन्सार कार्यालय, वीरगन्ज

शुरु निर्णय मिति : २०७५/०३/२४

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाट : विद्वान अधिवक्ताद्वय श्री सिताराम अग्रवाल र श्री विकास अग्रवाल

प्रत्यर्थीको तर्फबाट : विद्वान उपन्यायाधिवक्ता श्री दीपक भण्डारी

श्री वीरगन्ज भन्सार कार्यालयबाट मिति २०७५।३।२४ मा भएको निर्णय उपर भन्सार ऐन, २०६४ को दफा ६२ (१) तथा राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) बमोजिम यसै न्यायाधिकरणको क्षेत्राधिकार भित्रको भनी दर्ता हुन आएको प्रस्तुत पुनरावेदनपत्रको संक्षिप्त तथ्य तथा ठहर यस प्रकार छः-

मुद्दाको तथ्य

१. **Methi Associates Pvt.Ltd**, काठमाडौले **Merina Commodities Inc., Canada** को तारिख ३१.०३.२०१८ को विजक संख्या **MCI-786/S-07489-SGR-F** बाट पैठारी गरी ल्याएको **Sugar** को भन्सार मूल्य निर्धारणका लागि मिति २०७५/३/२० मा वीरगन्ज भन्सार कार्यालयमा भन्सार ऐन, २०६४ को दफा १३ को उपदफा (३) बमोजिम मूल्य घोषणा गरको देखिन्छ ।

२. पैठारीकर्ताले पैठारी गरी ल्याएको मालबस्तुको मूल्य अध्ययन गर्दा विजक मूल्य यु एस डलर ४६० प्रति मे.टन उल्लेख गरी त्यसमा ५०% ले हुने रकम **Discount** दिए/ पाएको देखियो । यति धेरै रकमको **Discount** दिए/पाएको देखिँदा पैठारीकर्तालाई विजक मूल्य र **Discount** का सम्बन्धमा

थप पुष्ट्याई गरी स्पष्ट पार्न वीरगन्ज भन्सार कार्यालयको च.नं.१८१६ मिति २०७५/०३/२१ को पत्रबाट सोधिएकोमा पैठारीकर्ताले मिति २०७५/०३/२२ मा जवाफ पेश गरेको । उक्त जवाफको साथमा पैठारीकर्ताले निर्यातकर्तासंग भएको **Sales Contract** का कागजात संलग्न गरेको। पैठारीकर्ताले पेश गरेको **Sales Contract** मा **Discount of USD230 PMT has been given to the buyer. Our Sales Contract Prices is USD 460 PMT and discount prices is USD230 PMT. The net Sale Prices Of USD230 PMT** उल्लेख भएको ।

३. पैठारीकर्ताले आफ्नो कारोबार मूल्यका रुपमा देखाएको **Commercial Invoice** मा उल्लेख भएको अस्वाभाविक **discount** र **sales Contract** मा समेत **The net sale Price of USD 230 PMT** उल्लेख भएको समेत **Discount** रकम विश्वसनीय नदेखिएकोले **Net Sale price USD 230 PMT** लाई मालबस्तुको **Base Price** मानेर प्रति मेट्रिक टन **USD 230** मूल्य थप गरी मालबस्तुको मूल्य **USD 460** प्र.मे.ट.का दरले कायम हुन साथै कारोबार खर्च वापत घोषणा गरेको रकम रु.६,०४,६०२/- समेत जोडी कारोबार मूल्य कायम हुने भन्ने समेत वीरगन्ज भन्सार कार्यालयको मिति २०७५/३/२४ को निर्णय ।

४. मेठी एसोसएट्स प्रा.लि.ले पैठारी गरी ल्याएको मालबस्तु (Sugar) का सन्दर्भमा हामीले विपक्षी कार्यालय समक्ष मूल्य निर्धारणका लागि निवेदन फारम भरी पेश गरी पैठारी भएको मालबस्तु (Sugar) को प्रति मे. USD460 का दरले घोषणा गरी भन्सार प्रज्ञापन पत्र भरी दाखिला गरेको र विपक्षी कार्यालयबाट प्रति मे. USD460 नै मूल्याङ्कन कायम भई उक्त मूल्याङ्कन रकमको हुन आउने जम्मा भन्सार महसुल रकम र मू.अ.कर रकम समेत सदरस्याहा भन्सार प्रज्ञापनपत्रबाट विपक्षीले असुल उपर गरी जाँच पास गरेकोमा Discount रकममा थप भन्सार महसूल समेत धरौटी प्रज्ञापन पत्रबाट त्रुटिपूर्ण तवरले निर्धारण गरी लिएकोले उक्त वीरगंज भन्सार कार्यालयको निर्णय भन्सार ऐन, २०६४ को दफा १३को उपदफा १५ र उपदफा १५को (क) मा उल्लेखित व्यवस्था विपरित थप महसूल समेत निर्धारण गर्ने निर्णय त्रुटिपूर्ण रहेकोले बदर गरी थप भन्सार महसूल र मू.अ.कर वापत राखेको धरौटी फिर्ता दिलाई पाउँ भन्ने समेत पुनरावेदनपत्र।

५. यसमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४०(३) बामोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकिलको कार्यालयलाई पेशीको सूचना दिई नियमानुसार गर्नु भन्ने यस न्याधीकरणबाट २०७६।१०।१० मा भएको आदेश।

## <u>ठहर खण्ड</u>

६. नियम बमोजिम पेशी सुचीमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदकका तर्फबाट उपस्थित विद्वान अधिवक्ताद्वय श्री सिताराम अग्रवाल र श्री विकास अग्रवालले प्रस्तुत प्रज्ञापनपत्र नं M9886 को थप भन्सार महसुल निर्धारण उपर मूल्याङ्कन पुनरावलोकन समितिको निर्णय उपर यसै न्यायाधिकरणमा परेको ०७५-RB-०३१४ को मुद्दामा ठहर फैसला हुने हुँदा सोही प्रज्ञापनपत्रको विषयको प्रस्तुत मुद्दामा केही भनी रहन परेन भनी बहस प्रस्तुत गर्नुभयो त्यस्तै प्रत्यर्थी कार्यालयका तर्फबाट उपस्थित विशेष सरकारी वकिल कार्यालयका उपन्यायाधिवक्ता श्री दीपक भण्डारीले पुनरावेदकले एकै विषयमा दोहोरो पुनरावेदन गरेको हुँदा प्रस्तुत पुनरावेदन खारेज हुनु पर्छ भनी बहस प्रस्तुत गर्नुभयो ।

७. उपरोक्त बमोजिम बहस सुनी शुरु मिसिल र पुनरावेदन मिसिल समेत अध्ययन गरी हेर्दा, यसमा शुरु वीरगन्ज भन्सार कार्यालयबाट मिति २०७५।०३।२४ मा भएको निर्णय मिलेको छ छैन? पुनरावेदकको पुनरावेदन जिकिर पुग्न सक्छ, सक्दैन? भन्ने विषयमा निर्णय दिनुपर्ने देखियो।

८. निर्णय तर्फ विचार गर्दा पुनरावेदकले **M9886** बाट पैठारी गरेको मालबस्तुको सम्बन्धमा शुरु वीरगन्ज भन्सार कार्यालयबाट भएको मिति २०७५।०३।२४ को भन्सार मूल्य निर्धारणको निर्णय उपर मूल्याङ्न पुनरावलोकन समिति समक्ष पुनरावलोकनको निवेदन लाग्ने भन्सार ऐन,२०६४ को दफा ६२ को उपदफा १ को व्यवस्था विपरित पुनरावेदकले यस न्यायाधिकरणमा मिति २०७५/५/८ मा पुनरावेदन गरेको देखियो । यी पुनरावेदकले शुरु भन्सार कार्यालयको सोही निर्णय उपर मूल्याङ्न पुनरावलोकन समिति समक्ष समेत मिति २०७५/४/१८ मा पुनरावलोकनको निवेदन गरी मूल्याङ्न पुनरावलोकन समितिबाट उक्त निवेदनमा मिति २०७५/१२/२९ मा भएको निर्णय उपर मुद्दा नं.०७५-**RB**-०३१४ को थप भन्सार महसुल समेत विषयको मुद्दा मिति २०७६/१/१३ मा दर्ता भै आजै यसै इजलासबाट फैसला समेत भएको हुँदा प्रस्तुत पुनरावेदनपत्रको तथ्यमा प्रवेश गरी निर्णय दिनु पर्ने देखिन आएन ।

९. अतः प्रस्तुत पुनरावेदन पत्रमा जिकिर लिएकै विषयमा मूल्याङ्कन पुनरावलोकन समितिबाट भएको निर्णय उपर परेको ०७५-**RB**-०३१४ को पुनरावेदनमा आजै फैसला भएकोले यस पुनरावेदनमा केही बोलिरहनु परेन । खारेज हुने ठहर्छ । तपशिल बमोजिम गर्नू।

**<u>तपशिल</u>**

प्रस्तुत मुद्दा फैसला भएको जानकारी विशेष सरकारी वकिल कार्यालय काठमाडौलाई दिनू----१

फैसलाको नक्कल माग गर्ने सरोकारवालाबाट लाग्ने दस्तु लिइ नक्कल दिनू--------------------२

प्रस्तुत फैसलाको विद्युतिय प्रति अपलोड गरी यस मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाईदिनू-----------------------------------------------------३

पुष्पप्रसाद गुरागाईं
(लेखा सदस्य)

उक्त रायमा हामीहरु सहमत छौं ।

राजेन्द्र पौडेल
(राजस्व सदस्य)

विनोद शर्मा
(अध्यक्ष)

फैसला तयारीमा सहयोग गर्नेः-
विश्वराज कुइकेल(शाखा अधिकृत)
टिपोट ना.सु.हेमन्त फुयाँल

इति सम्वत् २०७७ साल माघ महिना २६ गते रोज २ शुभम् ..........................